YES KATHMANDU



# लोपोन्मुख कस्तुरी संरक्षण अभियान शुरु

224
SHARES

Facebook Twitter More

बझाङ । खप्तड राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र छान्ना, खप्तड गाउँपालिकामा विश्वभर संकटमा परेका प्रजातिका रूपमा सूचीकृत कस्तुरी मृगको संरक्षण कार्यक्रम सुरु भएको छ । 'हिमालय जैविक विविधता सन्जाल नेपाल' ले कस्तुरी मृगको वर्तमान अवस्था बुझ्न संरक्षण कार्यक्रमका साथै अनुसन्धान कार्य सुरु गरेको हो ।




**तस्विर/टेक घर्ती मगर**

निकुन्जको सहस्रलिङ्ग, धौले ढुङ्गा, त्रिवेणी र सेलेको लेकमा गरेको प्रारम्भिक अनुसन्धानबाट उक्त क्षेत्र कस्तुरीको लागि महत्वपूर्ण वासस्थान रहेको तर कस्तुरीको संख्या भने ज्यादै न्यून पाइएको अनुसन्धानकर्ता तिलक मगर बताउँछन् ।

खप्तडमा कस्तुरीको संख्या न्यून हुनुको कारण पत्ता लगाई दिगो संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको संरक्षण तथा अनुसन्धान कार्यमा संलग्न प्राणीशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा. दयारामभुसालको भनाइ छ ।

वयस्क भाले कस्तुरीमा पाइने ’बिणा’ औषधी तथा पर्फ्युम बनाउन प्रयोग गरिन्छ । जसकारण अन्तर्राष्ट्रिय व्यापारमा यसको माग धेरै भएकोले चोरी सिकारी हुने गरेको अनुसन्धानकर्ता मगर बताउँछन् । चोरी सिकारी नियन्त्रण गर्न स्थानीय स्तरमा जनचेतना जागृत गराउने उद्देश्यका साथ सन्जालले संरक्षणको कार्यक्रम सुरु गरेको अर्का अनुसन्धानकर्ता किशोरप्रसाद घिमिरे बताउँछन् ।



**तस्विर/टेक घर्ती मगर**

सन्जालले छान्ना र खप्तडमा कस्तुरी सूचना केन्द्र बनाई नियमित रुपमा जानकारी हासिल गरिरहेको छ ।

एकै ठाउँमा दिसा गर्ने र एउटै बाटो हिड्न रुचाउने बानीका कारण कस्तुरी सिकारीहरुको पासोको निसानामा पर्ने गरेको स्थानीय रमेश खड्का बताउँछन् । कस्तुरी संरक्षणलक्षित कार्यक्रम सञ्चालन नभए पनि निकुञ्जभित्र पाइने वनस्पति तथा जङ्गली जनावरको नियमित गस्ती गर्ने गरेको निकुञ्जका गेम स्काउट लालबहादुर रावलको भनाइ छ ।

मध्यवर्ती क्षेत्र वडा नं. ४ का अध्यक्ष हिरेन्द्र रावल भन्छन् “राष्ट्रिय निकुन्ज, नेपाली सेना, मध्यवर्ती क्षेत्र र स्थानीय बासिन्दाको संयुक्त गस्ती नियमित रूपमा हुने हुँदा चोरी सिकारी पूर्ण रूपमा नियन्त्रण भएको छ ।“




समुद्री सतहदेखि २००० मिटरभन्दा माथि र ५००० मिटरभन्दा तलको भूभागलाई मुख्य वासस्थान बनाउने कस्तुरी हिमाली क्षेत्रको सूचक प्रजाति पनि हो । विश्वमा पाइने सात प्रजातिमध्ये नेपालमा सुनकण्ठे, सेतोकण्ठे र कालो कस्तुरी गरी तीन प्रजातिका पाइने उल्लेख गरिएको छ । तर, हालसालै अन्नपूर्ण संरक्षण क्षेत्रमा अनुसन्धानकर्ता पारसविक्रम सिंहले गर्नुभएको अनुसन्धानमा नयाँ प्रजातिका रूपमा कश्मीर कस्तुरी पत्ता लागेसँगै कस्तुरीको प्रजाति चार पुगेको हो । खप्तडमा भने सुनकण्ठे कस्तुरी पाइन्छ ।





अनुसन्धानकर्ता तिलक थापा मगर स्थानीय रमेश खड्कासँग

Share this:

## प्रतिकृया दिनुहोस

0 Comments

Sort by Oldest



Add a comment...

Facebook Comments Plugin

## सम्बन्धित समाचार

केपी ओलीले प्रचण्डलाई प्रधानमन्त्री छाड्नुपर्छः भिम रावल

सबै स्थानीय तहलाई तीन दिनभित्र बजेटको विवरण पठाउन निर्देशन

किताबमा किन कर लगाउन हुँदैन ?

अछाममा ट्याक्टर दुर्घटना ३ जना विद्यार्थीको मृत्यु, ४ घाईते

बालुवाटार जग्गा प्रकरण- अख्तियारले बोलायो ८६ जनालाई (सूचीसहित)

पार्टी शुद्धीकरणमा होमीन नेता-कार्यकर्ताई सीको आह्वान

## भर्खरै

राजनीति

केपी ओलीले प्रचण्डलाई प्रधानमन्त्री छाड्नुपर्छ: भिम रावल



समाचार

सबै स्थानीय तहलाई तीन दिनभित्र बजेटको विवरण पठाउन निर्देशन



विचार

किताबमा किन कर लगाउन हुँदैन ?



अछाममा ट्याक्टर दुर्घटना ३ जना विद्यार्थीको मृत्यु, ४ घाईते




खेलकुद

प्रधानमन्त्री कप क्रिकेटको उपाधि एपिएफलाई




समाचार

बालुवाटार जग्गा प्रकरण- अख्तियारले बोलायो ८६ जनालाई (सूचीसहित)



राजनीति

पार्टी शुद्धीकरणमा होमीन नेता-कार्यकर्ताई सीको आह्वान



समाचार

लागुऔषध दुर्व्यसनी 'समृद्ध नेपाल, सुखी नेपाली'को बाधक- गृहमन्त्री थापा



प्रदेश

लोक सेवाको मुद्दा सर्वोच्चमा सुनुवाइ जारी



मनोरन्जन

म लोकल रक्सी पिउँदै पिउँदिन, नेपाली वियर चाँहि खान्छु– हाँस्यकलाकार शिवहरी पौडेल



YES KATHMANDU



**Team**

एस काठमाडौं प्रा. लि. नयाँ बानेश्वर, काठमाडौं, नेपाल

सूचना विभाग दर्ता नं १३०८/०७५–७६

अध्यक्ष तथा प्रधानसम्पादकः जीवन विसी

उपसम्पादकः राजकुमार श्रेष्ठ

प्रेस प्रतिनिधिः गणेश थापा

ब्यवस्थापकः सन्तोष विसी

फोन नं–९८५११३७७६२/९८४९६६२४८४

yeskathmandu@gmail.com

**About**

एस काठमाडौं डटकम पृथक न्यूज पोटल हो । देशमा बढ्दै गएको भ्रष्टाचार, राजनीतिक बेथिति, क्राइम समाचारलाई एस काठमाडौंले बढि प्राथमिकता दिने गरेको छ । भ्रष्टाचारबिरुद्ध जागरुप बनाउन, राजनीतिक बेथितिबिरुद्ध जनमानसलाई जानकारी गराउने उदेश्य बोकेर एस काठमाडौ डटकम हामीले ल्याएका हौ ।

**Subscribe**

Enter your email address to subscribe.
बुधबार, असार ११, २०७६

Join 2 other subscribers

Email Address

Subscribe



© copyright 2016-2019 and all right reserved to Yes Kathmandu | Site By : SobizTrend Technology